नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(कर्मचारी कल्याण शाखा)
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सामूहिक दूर्घटना बीमासम्बन्धी

## प्रेस विज्ञप्ती

राष्ट्रसेवक निजामती कर्मचारीहरु र तिनीहरुको परिवारलाई जीवनमा आइपर्न सक्ने विविध प्रकारका जोखिमहरु न्यूनीकरण गर्ने र त्यस्ता जोखिमका कारण उत्पन्न हुनसक्ने असुरक्षा कम गर्नु पर्ने राज्यको सोच अनुरुप सरकारी कामको सिलसिलामा वा अन्य कुनै अवस्थामा आइपर्न सक्ने जोखिम न्यूनीकरण गर्नुका साथै जोखिम हस्तान्तरणका विविध उपायहरु अवलम्वन गर्ने क्रममा गत आर्थिक वर्षदेखि शुरु भएको सङ्घीय निजामती कर्मचारीको लागि रु १० लाख बीमांकको सामूहिक दुर्घटना बीमा कार्यक्रम चालु आर्थिक वर्ष २०७९।८० मा समेत निरन्तर रहेकोले सो कार्यक्रम कार्यान्वयनको सिलसिलामा मिति २०७९।०५।२१ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय बीमा कम्पनीबीच निजामती कर्मचारीको लागि रु १० लाख बीमांकको आगामी १ वर्ष (२०७९।५।२१ देखि २०८०।५।२० सम्म) को लागि सामुहिक दुर्घटना वीमा सम्झौता आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठ र सचिव श्री अर्जुन प्रसाद पोखरेलको समुपस्थितिमा मन्त्रालयको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा सहसचिव नारायण प्रसाद अर्यालले सहजीकरण र मन्त्रालयको तर्फबाट शाखा प्रमुख उपसचिव श्री हरि प्रसाद ज्ञवाली र बीमा कम्पनीको तर्फबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री सुवास कोइरालाले सम्झौतापत्रमा हस्ताक्षर गर्नु भएको थियो ।

सङ्घीय निजामती कर्मचारीहरुका लागि सामूहिक दूर्घटना वीमाको कार्यक्रम अघि बढाउन यस मन्त्रालयले **"निजामती कर्मचारीको सामूहिक दूर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** तर्जुमा गरी स्विकृत गरेको छ । स्वीकृत कार्यविधि बमोजिम राष्ट्रिय कितावखानाबाट प्राप्त संघीय निजामती सेवाका ३६३१६ कर्मचारीहरुको सामूहिक दूर्घटना वीमा भएको छ । यस कार्यक्रमले संघीय निजामती सेवाका कर्मचारीहरुको लागि सुरक्षाको प्रत्याभूति गरेको छ ।

अन्तमा, उल्लेखत कार्यविधि तथा सम्झौता सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटमा राखिएको, यस मन्त्रालय र राष्ट्रिय बीमा कम्पनीबीच भएको संघीय निजामती कर्मचारीको लागि भएको सामुहिक दूर्घटना बीमासम्बन्धी व्यवस्था, दावी प्रक्रिया, सम्बन्धित निकाय र कर्मचारीको जिम्मेवारी आवश्यक कागजात तथा अन्य जानकारी यस मन्त्रालयको तथा राष्ट्रिय बीमा कम्पनीको वेवसाइटबाट गर्नु हुन समेत सम्बद्ध सवैमा जानकारीका लागि यो विज्ञप्ती जारी गरिएको छ ।

धन्यवाद ।

मिति २०७९।०५।२३

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं